# 'नैकापे सर्किनी' कथामा सबाल्टर्न (सिमान्तीयता)

**लतादेवी पौड्याल**

उपप्रध्यापक, नेपाली विभाग, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

DOI: https://doi.org/10.3126/bdkan.v7i1.47805

**सारकथन**

प्रस्तुत लेख पारिजातको 'नैकापे सर्किनी' कथामा सबाल्टर्न अध्ययन विश्लेषणसँग सम्बन्धित छ । एन्टोनिओ ग्राम्सीले उत्तर औपनिवेशिक उपभोक्तावादी संस्कृतिको सन्दर्भमा सबाल्टर्न शब्दलाई शासित वर्गको वकालत गर्ने क्रममा हैकम वा प्रभुत्वको नवीन अर्थसँग पनि जोडेर प्रयोग गरेपछि यसले साहित्यको क्षेत्रमा प्रवेश पाएको हो । ग्राम्सीका शब्दमा सबाल्टर्न भन्नाले गैरशासकीय र अहैकमवादी वर्गलाई जनाउँछ, जो सधैँ अधीनस्थ, पराधीन हुन्छन् । सबाल्टर्न सांस्कृतिक र साहित्यसँग सम्बन्धित अन्तर्विषयक अध्ययन हो । सांस्कृतिक अध्ययनभित्र विविध पक्षहरू समेटिन्छन् । तीमध्ये सबाल्टर्न अध्ययन महत्वपूर्ण पक्ष हो । सबाल्टर्न शब्दले समाजमा विभिन्न अवसरबाट पछाडि पारिएको वर्ग,तह, लिङ्ग, जात तथा समूहलाई जनाउँछ । सबाल्टर्न अध्ययनलाई कथाको सामाजिक संरचना, सीमान्तीकृत वर्ग, प्रभुत्वशाली समूह र विचार धारासँग जोडेर हेर्नु सान्दर्भिक मानिन्छ । प्रस्तुत कथामा सामन्ती तथा पितृसतात्मक समाजमा निम्नवर्गका महिलाहरूमाथि हुने शोषण, लैङ्गिक विभेदका मुद्दालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यहाँ सोही सिद्धान्तलाई आधार मानेर पारिजातको 'नैकापे सर्किनी' कथामा सबाल्टर्न विश्लेषण गरिएको छ । प्रस्तुत लेख तयार पार्नका लागि प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयबाट अध्ययन गरी सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूलाई विश्लेषण गर्ने आधार सबाल्टर्नसम्बन्धी मान्यतालाई लिइएको छ । यसमा निगमनात्मक तथा पाठविश्लेषण विश्लेषण विधिको उपयोग गरी साक्ष्यहरुका आधारमा कथामा सबार्ल्टनको वर्गीय, जातीय, लैङ्गिक अवस्था, सबार्ल्टनको प्रतिरोधी चतना तथा लेखकीय दृष्टिकोणको विश्लेषण गरिएको छ । यसमा सन्दर्भ सामग्रीहरूको प्रयोगमा ए.पि. ए. पद्धति अपनाइएको छ ।

*प्रमुख शब्दावली* : सबाल्टर्न, प्रतिनिधित्व, पहिचान, प्रभुत्वशालीवर्ग, प्रतिरोध, अवरजन, शक्तिसम्बन्ध ।

## विषयपरिचय

प्रस्तुत लेख पारिजातको नैकापे सर्किनी कथामा सबार्ल्टन (सीमान्तीयता) विषयसँग सम्बद्ध छ । यसमा नैकापे सर्किनी कथामा सबाल्टर्न अर्थात् सीमान्तीयताको विश्लेषण गर्ने मुख्य उद्देश्य राखिएको छ। प्रस्तुत शीर्षकभित्र पारिजात र नैकापे सर्किनी कथामा सबाल्टर्न दुई पक्ष रहेका छन् । विषय परिचयका क्रममा यिनै दुई पक्षको चिनारी दिनु आवाश्यक देखिन्छ ।

पारिजात (१९९४-२०५०) आधुनिक नेपाली साहित्यको स्वच्छन्दतावादी धाराबाट साहित्यिक यात्रा प्रारम्भ गर्ने आख्यानकार हुन् । यिनले स्वच्छन्दतावाद, अस्तित्ववाद, विसङ्गतिवाद, अराजकतावादी राल्फाली आन्दोलन हुँदै प्रगतिवादी साहित्य रचना गरेकी छन् । पारिजातका कथामा मार्क्सवादी वैचारिक दृष्टिकोणको यथार्थ चित्रण पाइन्छ । २०२१ सालमा 'मैंले नजन्माएको छोरो' नामक कथाबाट कथायात्रा आरम्भ गरेकी पारिजातका *सडक र प्रतिभा* (२०२३), *आदिम देश* (२०२५), *साल्गीको बालात्कृत आँशु* (२०४३) र *बधशाला आउँदाजाँदा* (२०४९) चारवटा कथासङ्ग्रहरू प्रकाशित छन् । नैकापे सर्किनी *साल्गीको बलात्कृत आँशु* (२०४३) र *मैले नजन्माएको छोरो* (२०७३) कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यसमा तत्कालीन शासनव्यवस्था तथा पितृसत्ताले महिलाहरूमाथि गरेको लैङ्गिक, सांस्कृतिक तथा वर्गीय विभेदको यथार्थ चित्रण गरिएको छ । समाजमा नारीले नारी भएकै कारण के कस्ता समस्या भोल्नुपर्छ भन्ने यथार्थ विषयसँग सम्बद्ध प्रस्तुत कथा नारी समस्यामा केन्द्रित छ । समीक्षा तथा शोधका सन्दर्भमा पारिजातका कथाको अध्ययन गर्ने कार्य एउटा परम्परा जस्तै भएको छ । उनका कथाहरूको विभिन्न सिद्धान्तका आधारमा अध्ययन, विश्लेषण गरिएको भए पनि 'नैकापे सर्किनी' कथामा केन्द्रीत भई सबाल्टर्न सिद्धान्तका आधारमा गहन अध्ययन, विश्लेषण हुन बाँकी नै देखिन्छ ।

'सबाल्टर्न' शब्द उत्तरआधुनिकतावाद भित्रको एउटा महत्वपूर्ण पक्ष हो । सबाल्टर्नले मूलत : राज्यभित्रका पिछडिएका वर्गलाई बुझाउँछ । राज्यको शक्तिसम्म कति पनि पहुँच नहुने, विस्थापित र आवाज विहीन वर्गहरू यसभित्र पर्दछन् । प्रसिद्ध समाजशास्त्री कार्लमार्क्सले राज्यमा दुई वर्ग देखाउँदै आर्थिक रूपले सम्पन्नहरू बुर्जुवावर्ग र आर्थिक रूपले पिछडिएकाहरूको सन्दर्भमा सर्वहारावर्ग जस्ता शब्दको प्रयोग गरे । यसलाई इटालीयन चिन्तक एन्टोनिओ ग्राम्सीले उत्तर औपनिवेशिक उपभोक्तावादी संस्कृतिको सन्दर्भमा सबाल्टर्न शब्दलाई शासितवर्गको वकालत गर्ने क्रममा हैकम वा प्रभुत्वको नवीन अर्थसँग पनि जोडेर प्रयोग गरेका छन् (बराल, २०७३, पृ.१७२) । ग्राम्सीका शब्दमा सबाल्टर्न भन्नाले गैरशासकीय र अहैकमवादी वर्ग वा समुदायलाई जनाउँछ, जो सधैँ अधीनस्थ, पराधीन हुन्छन् र उनीहरू शासकको प्रयोगको वस्तुसमेत बन्न पुग्छन् ।

ग्राम्सीले सबाल्टर्नको अस्तित्वको मुद्दालाई वर्ग सङ्घर्षसँग जोडेर अध्ययन गरेका छन् । जेहोस् सबाल्टर्न अध्ययन सन् १९८० को दशकदेखि मात्र देखिएको हो । जब रङ्गभेद, वर्ग, जाति, लिङ्ग, क्षेत्रीयता, जनजाति आदिसँग सम्बद्ध मुद्दाले मूल धारमा स्थान पाउन थाल्यो त्यसपछि सबाल्टर्न वर्गहितको पक्षमा डिस्कोर्स निर्माणमा बृद्धि भएको हो । सन् १९९० को दशकपछि सबाल्टर्न अध्ययनले व्यापकता पायो । सबाल्टर्न शब्दले हरेक हिसाबबाट किनारीकृत भएको भन्ने बुझाउँछ । सबाल्टर्न अध्ययन समसामयिक समालोचनाको अध्ययनको विषय क्षेत्र पनि हो । सबाल्टर्न सिद्धान्तलाई समाजमा अनेक ढङ्गले पछि पारिएका वा किनारामा हुत्याइएकाहरूका विषयमा विभिन्न कोणबाट अध्ययन, विश्लेषण गर्ने सिद्धान्तका रूपमा लिइन्छ । यस सिद्धान्तअनुसार पहिला सबाल्टर्नवर्गको पहिचान गरिन्छ र त्यसपछि कृतिमा उनीहरूको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अवस्थाको विश्लेषण गरिन्छ । त्यसै गरी समाजमा मूलधारको प्रभुत्वको अवस्था कस्तो छ अनि मूलधार र सबाल्टर्नवर्गका बीचमा के कस्तो सम्बन्ध छ ? ज्ञान र शक्तिको निर्माण कसरी गरिएको छ ? सहमति र सम्झौता कस्तो छ अनि सबाल्टर्न मुक्तिको चेतना कस्तो अवस्थामा छ ? सबार्ल्टनवर्गप्रति बौद्धिकवर्ग तथा लेखकीय दृष्टिकोण कस्तो छ ? आदि कोणहरूबाट अध्ययन, विश्लेषण गरिन्छ ।

सबाल्टर्नका दृष्टिले पारिजातका कथाहरू महत्वपूर्ण मानिन्छन् । विवेच्य नैकापे सर्किनी कथा पनि सबाल्टर्नमैत्री भएकाले यसको विश्लेषण गर्नु आवश्यक देखिन्छ । यसर्थ यहाँ सबाल्टर्नको सिद्धान्तलाई आधार मानेर कथाकार पारिजातको नैकापे सर्किनी कथाको अध्ययन, विश्लेषण गरिएको छ । यो यस अध्ययनको विशिष्ट पहिचान र सीमा पनि हो ।

## २. विश्लेषणको सैद्धान्तिक पर्याधार

"अंग्रेजी शब्द सबाल्टर्नले सदियौंदेखि शासित, आवाज विहीन तथा इतिहास विहीन वर्गलाई जनाउँदछ" (श्रेष्ठ २०६८: १) । नेपालीमा सबार्ल्टन शब्दलाई जनाउन सीमान्तकृत, किरारीकृत, "अवरजन" (शर्मा, २०७०, पृ. ११५) जस्ता शब्दहरूको प्रयोग गरेको पाइन्छ । सीमान्तकृत शब्दले मूलतः राज्यभित्रका पिछाडिएको वर्ग समुदायलाई बुझाउँछ भने किनारीकृतले हरेक कोणबाट किनारामा पुचाइएको भन्ने बुझाउँछ । समग्रमा राज्यको शक्ति र सत्तासम्मको पहुँचमा पुग्न नसकेका पहुँचविहीन, विस्थापनमा परेका आवाजविहीनहरू नै सबाल्टर्नवर्ग हुन् । सबाल्टर्नवर्गले समाजको महत्वपूर्ण स्थान र उत्पादनको उच्च प्रकारको जिम्मेवारी वहन गर्दै आएको भए पनि सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक, लैङ्गिक आदि दृष्टिले उपेक्षित छ । त्यसै कारण यो वर्ग स्वयंले र बौद्धिक क्षेत्रका लेखक, सर्जकहरूले सबाल्टर्न अध्ययनलाई अघि बढाएका छन् । युगौंदेखि इतिहासका पानाबाट बाहिर फ्याँकिएको सबाल्टर्नवर्गको आफ्नै इतिहास लेखन गर्ने उद्देश्यले सन १९८२ देखि दक्षिण एसियामा सबाल्टर्न अभियानको रूपमा सञ्चालनमा आएको हो (श्रेष्ठ, २०६८, पृ. २) । सबाल्टर्न अध्ययनलाई उत्तर औपनिवेशिक पृष्ठभूमिसँग पनि जोडेर हेर्ने गरिएको छ । इटालियन नवमार्क्सवादी कम्युनिस्ट नेता अन्टोनियो ग्राम्सीले उत्तर औपनिवेशिक उपभोक्तावादी संस्कृतिको सन्दर्भमा सबाल्टर्नलाई अर्थ्याउने क्रममा सामान्यतया गौण, अधीनस्थ, दास, मातहतको व्यक्ति वा वर्गलाई जनाउँछ भनेका छन् । ग्राम्सीका विचारमा सबाल्टर्न भन्नाले गैरशासकीय र अहैकमवादी वर्ग वा समुदायलाई जनाउँछ जो सधैँ अधीनस्थ र पराधीन हुन्छन् । उनीहरू सधैँ शासकको प्रयोगको वस्तुसमेत बन्न पुग्छन् । यसरी ग्राम्सीका धारणमा सबाल्टर्न भनेको तल्लो तह हो । जो उपेक्षित, दलित, पिछडिएको, हेपिएका, दवाइएका, शोषित, उत्पीडित, महिला तथा बालबालिका लगायत समाजका हरेक तह र तप्कामा परिधिका स्थितिमा रहेका हुन्छन् । त्यो समुदाय केन्दमा आउन नसक्ने, खासगरी श्रमजीवी र तल्लो वर्गलाई बुझाउने

हुन्छन् । सबाल्टर्नकै सन्दर्भमा ग्राम्सीकै दृष्टिकोणलाई अझै विस्तार गर्ने काम रञ्जित गुहा र गायत्री स्पिभाकले गरे । गुहाले सबाल्टर्न भनेका निमुखाहरू हुन् उनीहरूका पक्षमा बोल्नपर्छ र लेखुपर्छ, उनीहरूलाई बोल्न लगाउनुपर्छ र बोल्छन् भन्दै इतिहासलाई नयाँ मोड दिने कुरा गरेका छन् । तर स्पिभकले सबाल्र्टन भन्नु नै बोल्न नसक्नेहरू हुन् भनेकी छन् । उनले सबाल्र्टनलाई चेतनशील बनाउने कुराप्रति बिमती जनाएकी छन् उनले यसलाई यसरी परिभाषित गरेकी छन् : "सबाल्टर्न भन्नाले माथिल्लो तहबाट असम्पृक्त अर्थात तल्लो तहको व्यक्ति अथवा समुदायलाई जनाउँछ । सामाजिक तहमा यस्ता व्यक्ति तथा समूहहरु सांस्कृतिक मूल धारबाट अलग हुन्छन् र जसलाई उपनिवेशवादीहरूले अध्ययनको विषयबाट बाहिर राखेका छन् । समाजमा बोल्न नसक्नेहरू भनेकै सबाल्र्टनहरू हुन्"( बराल, २०७३, पृ. १८२) ।

स्पिभाकको परिभाषामा सबाल्टर्न भनेकै बोल्न नसक्नेहरू हुन् उनीहरूको विषयमा बौद्धिकवर्गले बोलिदिनु पर्छ । स्पिभाकले 'क्यान द सबाल्टर्न स्पिक' भन्ने निबन्धमा उनले आर्थिक लगायत सांस्कृतिक दृष्टिकोणबाट पनि सबाल्टर्न चेतनाका विषयलाई अगाडि सारिन् । सबाल्टर्न एउटा स्थिर विषय होइन, कुनै एवं व्यक्ति कुनै परिवेशमा सबाल्टर्नका रूपमा व्यवाहृत हुन्छ भने अर्को परिवेशमा ऊ गैर सबाल्टर्नका रूपमा पनि उभिन सक्ने अवस्था रहन्छ । यसरी सबाल्टर्नको स्थिति संस्कृति र समाज सापेक्ष हुन्छ भन्ने मान्यता उनले प्रस्तुत गरिन् । जाति, लिङ्ग, धर्म, पेशा, रङ्गका आधारमा हुने उपेक्षालाई पनि उनले सबाल्टर्नवर्ग भित्रै राखेकी छन् । यसरी अधीनस्थताका आधारमा उनको पभिाषालाई हेर्दा यसभित्र दमित, शोषित, उत्पीडितवर्ग लगायत सिङ्गो समाज र राष्ट्रसमेत सबाल्टर्न हुन् भन्ने बुझ्न सकिन्छ । यसलाई विशिष्ट भौगोलिक परिवेशमा जातजाति, धर्म, संस्कृति, वर्ग भाषा, भौगोलिक विकटताका आधारमा पनि अध्ययन विश्लेषण गर्नसकिन्छ । प्रशासनमा तल्लो तहका कर्मचारी समाजमा मूल धारबाट पछाडि पारिएका महिलाहरू, कथित तल्लो जातिका मान्छेहरू, बाँच्नका लागि शरीरको विक्री गर्न बाध्य महिलाहरू, कुनै पेसा, रोजगारी नभएर भोक भोकै जीवन गुजार्न बाध्य विभिन्न समूहहरू ती सबै सबाल्टर्नभित्र पर्दछन् । तिनीहरूको पहिलो कुरा त आवाज नै छैन, दोस्रो कुरा आवाज भएर पनि नसुनिए पछि आवाजविहीन बनेका छन् । जसका कारण राज्यको नागरिक भएर पनि राज्यका सम्पूर्ण सुख, सुविधा, र अधिकारबाट बञ्चित बनाइएका छन् । राष्ट्रको ध्यान र दृष्टिकोण त्यस वर्गमा पुग्न सकेको छैन र जो राज्यभित्रै भएर पनि अनागरिक भएर बँचिरहेका छन् । आवाज विहीन भएका छन् । तिनैलाई समेट्ने सिद्धान्त वा अवधारणा सबाल्टर्न चेतना हो ।

सबाल्टर्न चेतना विशेषत : समाजका उपेक्षित व्यक्तिहरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवन भोगाइ नै हो । यो स्थानीयता र समय सान्दर्भिक पनि हुन्छ । यसका क्षेत्रहरू विविध प्रकृतिका हुन्छन् । ती मध्ये मूलत : आर्थिक, वर्गीय, सामाजिक, सांस्कृतिक र लैङ्गिक सबाल्टर्नका स्वरूपहरू मुख्य मानिन्छ । यी क्षेत्रहरूमा हुने शोषण, दमन, भेदभाव आदिका विषयहरू यसभित्र आउँछन् । सबाल्टर्नको अवधारणामा वर्गीय अर्थात् आर्थिक आधार, लैङ्गिक आधार, जातीय तथा सांस्कृतिक आधार, सबाल्टर्नवर्गको चेतना अर्थात् प्रतिरोधको अवस्था, लेखकीय दृष्टिकोण, सम्भ्रान्तवर्गको सबाल्र्टनप्रतिको दृष्टिकोण आदि कुराहरू समेटिका हुन्छन् । तिनको यहाँ क्रमश : चर्चा गरिएको छ ।

### २.१ वर्गीय अर्थात् आर्थिक आधार

वर्ग आर्थिक पक्षसँग जोडिएको विषय हो । समाज आर्थिक दृष्टिले उच्च, मध्यम र निम्नवर्गमा विभाजित छ । निम्नवर्गका दृष्टिबाट सबाल्टर्नको पहिचान गर्न सकिन्छ । सबाल्टर्नवर्गको स्वतन्त्रता र स्वायत्ता बारे विचार विमर्श गर्दा ग्राम्सीका सबाल्टर्न र प्रभुत्व (hegemony) सम्बन्धी अबधारणालाई सबैभन्दा महत्वपूर्ण किसिमले हेरिन्छ । ग्राम्सी भन्छन् : "सबाल्टर्नवर्ग समूह सधैं झुकेको हुन्छ । त्यो जागेको जस्तो वा विद्रोही देखिएको बेलामा समेत सम्भ्रान्तवर्गका अगाडि अधीनस्थ हुन्छ र यस्तो पराधीनताको नाजुक अवस्थाबाट सबाल्टर्नको मुक्तिको एउटै उपाय महान् आमूल परिवर्तनकारी क्रान्ति र सबाल्टर्नको दीर्घकालीन विजय हो" (श्रेष्ठ, २०६८ पृ. २१) । उनका अनुसार सबाल्टर्नको इतिहास एलिट वर्गको हैकमवादी गतिविधिले गर्दा छरिएको वा टुक्राटाक्री र अवरोधपूर्ण अवस्थामा मात्र भेटिन्छ । यसरी भेटिएको इतिहास क्रान्तिको एउटा ऐतिहासिक अवधिको प्रक्रिया पूरा भएपछि मात्र पाउन सकिन्छ । अन्यथा सबाल्टर्नको इतिहास सम्भ्रान्तीय हैकमवादी शक्ति कायम रहुन्जेल भेट्न सम्भव छैन । कृतिभित्र प्रतिनिधित्व गराइएको वर्गीय सबाल्टर्न पात्रको पहिचान कुन रूपमा गराइएको छ भन्ने कुराको अध्ययन विश्लेषण यसअन्तर्गत गरिन्छ ।

### २.३ जातीय अवस्था वा आधार

सबाल्टर्न पहिचानको अर्को आधार जाति पनि हो । समाजमा क्षमतावान् वा बहुसङ्ख्यक जातिका बिचमा अल्पसङ्ख्यक वा कमजोर जातिहरू किनारीकृत बनाइएका हुन्छन् । "एक बहुसङ्ख्यक, विकसित, शक्तिसम्पन्न जातिले अर्को अल्पसङ्ख्यक या कमजोर जातिलाई दबाउने, पन्छाउने जातिक शक्ति केन्द्रबाट उब्जिएको छ नश्लीय किनारीकरणका कैयौं कथाहरू" (सुब्बा र थापा सन् २०११, पृ. १४) । यो व्यथाको ज्वाला जातबाट सल्किँदै जातीय परम्परा, संस्कार वा संस्कृतितर्फको मार्गतर्फ अग्रसर छ । त्यसै गरी एउटा शक्ति राष्ट्रले अर्को कमजोर राष्ट्रलाई उपनिवेश वा नवउपनिवेशका रूपमा थिचाइको व्यवहार गर्दा कमजोर देशहरू पनि सबाल्टर्न वर्गमा जोडिन पुग्छन् । सबाल्टर्न द्विचरविरोधमा अर्थिन वा चिनिन पुग्छ । "कुनै पनि कुराको केन्द्रीकरणले द्वैध वैपरीत्य (Binary opposition) उब्जाउने गर्छ- सुविधा सम्पन्न-वञ्चित, गर्बित-लुब्ध, नर-नारी, सभ्य -अविकसित, पाश्चात्य -प्रच्य आदि । अघिल्लोले आफ्नो क्षमता जति स्थापित गर्दै जान्छ पछिल्लो उति नै किनारातिर धकेलिँदै जान्छ" (सुब्बा र थापा सन् २०११, पृ. २०) । यसरी अभिजातवर्ग वा केन्द्र वा मूलप्रवाहसँग विपरीतधर्मी स्वार्थ भएकै कारण सबाल्टर्नवर्गले सधैं जातीय प्रताडना भोगिरहनु परेको छ । कृतिभित्र प्रतिनिधित्व गराइएको जातीय सबाल्टर्न पात्रको अवस्था कस्तो छ र उसको भूमिका कुन रूपमा रहेको छ भन्ने कुराको अध्ययन विश्लेषण यसअन्तर्गत गरिन्छ ।

### २.४ लैङ्गिक आधार

लिङ्ग भनेको जैविक पक्ष हो । लैङ्गिक दृष्टिबाट पनि सबाल्टर्नको पहिचान गर्न सकिन्छ । लैङ्गिकता शब्दको सम्बन्ध लिङ्गसँग देखिए तापनि सामाजिक सन्दर्भमा हेर्दा लिङ्ग र लैङ्गिकता भिन्न कुरा हुन् । लिङ्ग पुरुष र स्त्री गरी दुई खालको हुन्छ । तसर्थ यो प्रकृतिद्वारा निर्धारित कुरा हो । लैङ्गिकता समाजबाट निर्धारित हुन्छ । त्यसैले लैङ्गिकता भन्ने कुरा कृत्रिम हो । यसको निर्माण सामाजिक सांस्कृतिक सन्दर्भबाट हुन्छ । समाजले पुरुष र स्त्रीका सम्बन्धमा निर्धारित गरेका मान्यता, धारणा, संस्कार, व्यवहार, भूमिका, चिन्तन आदिको समष्टिलाई लैङ्गिकता शब्दले बुझाउँछ । लिङ्गगत भिन्नताका आधारमा समाजले पुरुष र महिलाका लागि जे जस्ता सामाजिक सांस्कृतिक तथा पारिवारिक भूमिका निर्धारित गरिदिएको हुन्छ ती सबैलाई लैङ्गिकता अन्तर्गत राख्न सकिन्छ (ज्ञवाली, २०७०, पृ. ४८) । पुरुषको प्रभुत्वमा रहेका सबै जाति र समाजमा नारीले स्वाधीनता गुमाएका हुन्छन् । "एकै जात वा जातिभित्र पनि प्राय पुरुषको प्रभुत्व स्थापित देखिन्छ । पुरुषहरूले परिवार अनि समाजमा आफैलाई प्रमुखता प्रदान गरेपछि नै लैङ्गिक किनारीकरण प्रारम्भ भएको हो र यसको इतिहास सायद मानव सभ्यता जतिकै पुरानो छ" (सुब्बा र थापा, सन् २०११ : १२) । निम्न जात र निम्न वर्गमा मात्र होइन उच्च जात र उच्च वर्गमा समेत नारीहरू सबाल्टर्न घर, समाज र राष्ट्रमा समेत आफूलाई प्रमुखका रूपमा उभ्याएपछि नारीहरू सबाल्टर्न भएका देखिन्छन् । समाजका पुरुषले शक्तिको आडमा आफूलाई सर्वज्ञ र सर्वशक्तिमानका रूपमा चिनाउन थालेपछि र नारीलाई अनभिज्ञ वा अबलाका रूपमा हेर्न थालेपछि नारीहरू सबाल्टर्न बन्न बाध्य भएका हुन् । कृतिभित्र प्रतिनिधित्व गराइएको लैङ्गिक सबाल्टर्न पात्रको पहिचान कुन रूपमा गराइएको छ भन्ने कुराको अध्ययन विश्लेषण यसअन्तर्गत गरिन्छ ।

### २.३ प्रभुत्वशाली वा सम्भ्रान्तवर्गको मनस्थिति

प्रभुत्वशाली पात्र भनेका सत्ता र शक्तिको पहुँचमा रहेका पात्रहरू हुन् । उनीहरूले सबाल्टर्न पात्रलाई हरदम दबाउने प्रयास गर्छन् । आर्थिक, लैङ्गिक, सामाजिक, सांस्कृतिक आदि रूपले कमजोर वर्गलाई दबाएर राख्नु यिनको काम हो । यसरी दबिएर बस्नु परेका पात्रहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रतिरोध गर्छन् । यस्तो प्रतिरोध सबै अवस्थामा समान प्रकारको भने हुँदैन । त्यस्तो प्रतिरोध अधिकांश समयमा मौन विद्रोह जस्तो देखिन्छ । जसलाई प्रभुत्वशाली पात्र, सत्ता र शक्तिकेन्द्रले कहिल्यै सुन्दैन । "समाजमा शक्ति, सम्पत्ति र प्रतिभा आदिका दृष्टिले सर्वोच्च वा सर्वश्रेष्ठ ठानिएका व्यक्तिहरूको सानो समूहलाई नै सम्भ्रान्त भनिन्छ । यही शक्तिशाली अवरजनहरू कज्याइएका वा शासित हुन्छन्" (शर्मा, २०७०, पृ. ३२०) । सबार्ल्टन अध्ययनमा प्रभुतवशाली वा सम्भ्रान्तवर्गको दृष्टिकोण वा मनस्थिति के कस्तो रहेको छ भन्ने कुराको अध्ययन गरिन्छ ।

## २.४ प्रतिरोधको अवस्था

प्रतिरोध भनेको सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षा हो । विभेदकारी सामन्ती शक्तिकेन्द्र वा राज्यसत्ताका विरुद्धमा जागरूक भएर आफ्नो हक, अधिकार वा अवसरको लागि क्रियाशील भएर आवाज उठाउन सक्ने चेतना नै प्रतिरोधी चेतना हो । शक्तिकेन्द्र वा राज्य सत्तासित आफ्नो हक, अधिकार र अवसर प्राप्तिका लागि सङ्घर्ष गर्नु सबाल्टर्नवर्गको कर्तव्य मानिन्छ । "कृतिमा सबाल्टर्न लागि को र कसरी बोलेको छ ? कृतिमा पात्र आफैँ बोलेको छ कि लेखक बोलेको छ ? या समाख्याता वा अरू कोही बोलेको छ भन्ने कुरा यसअन्तर्गत अध्ययन गरिन्छ" (शर्मा, २०७०,पृ. ३२३) । सबाल्टर्नको प्रतिनिधित्व प्रतिरोध चेतनाका सन्दर्भमा फ्रान्सेली दार्शनिक, सामाजिक सिद्धान्तकार एवम् इतिहासकार मिसेल फुको र भारतीय मुलका रञ्जित गुहा र भारतको कलकत्तामा जन्मेकी अमेरिकी विदुषी गायत्री चक्रवर्ती स्पिभाकका बिचमा केही मतभेद देखिन्छ । फुकोको र गुहाका मत अनुसार हरेक व्यक्तिले आफ्नो प्रतिनिधित्व आफैँ गर्न सक्छ र गराइनु पर्छ भन्ने रहेको छ भने स्पिभाकको मतअनुसार निमुखाहरूले आफ्नो प्रतिनिधित्व आफैँले गर्न सक्दैनन् भन्ने हो । सबाल्टर्नका विषयमा उनको मतलाई अघिसार्दै सञ्जिव उप्रेती भन्छन् :

> के निमुखाहरूले आफ्नो प्रतिनिधित्व आफैँ गर्न सक्छन् त ? स्पिभाकको मतअनुसार गर्न सक्तैनन् । यसको मतलब दलितहरूले आफ्ना बारेमा केही बोल्न सक्तैनन्, आफ्ना परिचय बारे केही भन्नै सक्तैनन् भन्ने चाहिँ होइन । विभिन्न किसिमका उखान किंवदन्ती तथा अन्य किसिमका मौखिक स्थानिक परम्पराहरूमार्फत तिनले आफ्ना पीडा र प्रेम, खुसी र त्रासका कथाहरू अवश्य भन्न सक्छन् । तर समस्या के छ भने तिनले भनेका यस्ता कथाहरू सभ्यसमाजको मध्यधारमा आउनै सक्तैनन् । समाजको मध्यधारमा रहेका शैक्षिक संस्था, पत्रकारिता तथा रेडियो टेलिभिजनका प्रस्तुतीकरणका आ-आफ्नै परम्परा र शैलीगत विशेषता हुन्छन् । प्रस्तुतीकरणका ती भाषा र ढाँचाहरूबाट अनभिज्ञ रहेका सबाल्टर्नको आवाज समाजको मध्यधारमा पुग्न गाह्रो हुन्छ । यदि सबाल्टर्नले केही बोली हाले, लेखिहाले भने पनि तिनको स्वरलाई समाजका शक्तिशाली मानिसहरूले अर्थहीन बकबकका रूपमा मात्र लिन्छन् । तिनका स्वर अर्थरहित हल्ला जस्ता मात्र सुनिन्छन् । त्यसैले स्पिभाकको भनाइ छ -सर्बअर्ल्टनहरूले आफ्नो प्रतिनिधित्व आफैँ गर्न सक्तैनन् । (उप्रेती, २०६९, पृ. २८४-२८५)

जहाँ सांस्कृतिक शक्तिका रूपहरूमाथि बाह्य वा अन्य पक्षले प्रश्न चिह्न उठाउँछन्, जब समाजमा अन्याय, अत्याचार, उत्पीडन, दमन आदिको वृद्धि हुन्छ यस अवस्थामा दमित बन्न पुगेको वर्ग वा समुदायले दमन शक्तिका विरुद्ध आवाज उठाउन थाल्छ । यसरी आवाज उठाउनु वा विद्रोह गर्नु नै प्रतिरोध हो । सञ्जीव उप्रेतीले उनीहरू मूक वा लाटा चाहिँ होइनन् भन्ने मान्यतालाई यसरी प्रस्तुत गरेका छन् : "के निमुखाहरूले आफ्नो प्रतिनिधित्व आफैँ गर्न सक्छन् त ? स्पिभाकका मतअनुसार गर्न सक्तैनन् । यसको मतलब दलितहरूले आफ्नो बारेमा केही बोलनै सक्तैनन्, आफ्ना परिचयबारे केही भन्नै सक्तैनन् भन्नेचाहिँ होइन । विभिन्न किसिमका उखान किंवदन्ती तथा अन्य किसिमका मौखिक स्थानिक परम्पराहरूमार्फत् तिनले आफ्ना पीडा र प्रेम, खुसी र त्रासका कथाहरू अवश्यै भन्न सक्छन् । तर समस्या के छ भने तिनले भनेका यस्ता कथा सभ्य समाजको मध्यधारमा आउनै सक्तैनन् (उप्रेती, २०६९, पृ. २८४-२८५) ।

वास्तवमा सबाल्टर्नहरू बोल्नै नसक्ने त होइनन् तर उनीहरूको आवाजलाई प्रभुत्वशालीवर्गले नसुनिदिँदा उनीहरू नबोलेका जस्ता देखिएका हुन् । माथिका विमर्शबाट मौन रूपमै भए पनि उनीहरूको आवाज प्रभुत्वशालीवर्गप्रति प्रतिरोधी रहेको हुन्छ भन्ने प्रमाणित हुन्छ । यसरी सबाल्टर्नवर्गले विभिन्न तरिकाबाट प्रतिरोध गर्दै आएको छ र गर्छ तर त्यो प्रतिरोधलाई केन्द्रले नसुनेको हुनाले सबाल्टर्नवर्गहरू आवाजविहीन भएर रहेका जस्ता देखिएका हुन् ।

संसारका सबै क्रान्ति र सबै परिवर्तनमा सबाल्टर्न वर्गकै अहम् भूमिका रहेको छ । उनीहरू नै समाजका हरेक कार्यमा सक्रिय छन् तर सधैं उपेक्षित छन् । साहित्यमा पनि यस वर्गको उपस्थिति र कार्य अपरिहार्य छ । सबाल्टर्नवर्गकै कथा व्यथाको प्रस्तुति र विश्लेषणबाट कलामा कलात्मक साजसज्जाको निर्माण भएको हुन्छ । यसै सम्बन्धमा "साहित्य बहुआयामिक क्षेत्र भएकाले एकतर्फी ढङ्गले सोच्नु पनि हुन्न । साहित्य यस्तो क्षेत्र हो जहाँ

मानकहरू निर्माण हुन्छ र त्यसको विनिर्माण पनि हुन्छ । सबाल्टर्न अध्ययनले इतिहास विहीन, आवाज विहीनलाई यसै प्रक्रियाबाट प्रभावकारी स्पेश दिने प्रयत्न गरेको छ" (श्रेष्ठ, २०६८, पृ. ४४) । यसरी सबाल्टर्न वर्गले कहिल्यै स्थान पनि पाएन अनि उनीहरूको इतिहास पनि निर्माण भएन भन्दै यी दुवै कुरा प्रदान गर्ने हेतुले सबाल्टर्न अध्ययन अघि बढेको छ ।

### ३. नैकापे सर्किनी कथाको सबाल्टर्न विश्लेषण

कथाकार पारिजातद्वारा लिखित 'नैकापे सर्किनी' कथामा सर्किनी वर्गी सबाल्टर्न पात्रको रूपमा रहेकी छ । त्यस कारण सबाल्टर्न सिद्धान्तले निदिष्ट गरेका वर्गीय, लैङ्गिक, जातीय, प्रभुत्व र प्रतिरोधको अवस्था र सबाल्टर्नवर्गप्रति सबाल्टर्न र गैरसबाल्टर्नको भूमिका तथा लेखकीय दृष्टिकोणका आधारमा कथाको विश्लेषण गरिएको छ ।

### ३.१ सबाल्टर्नको वर्गीय अवस्था

कृतिमा सबाल्टर्नको पहिचान गर्ने विविध आधारमध्ये वर्गीयता पनि एक हो । आर्थिक अवस्थाका आधारमा समाज उच्च र निम्न वर्गमा विभाजित छ । 'नैकापे सर्किनी' कथामा नैकापे सर्किनी र उसको लोग्ने वर्गीय दृष्टिले निम्नवर्गका पात्र हुन् । कथाकी प्रमुख पात्र नैकापे सर्किनी हो । यसमा आएका धर्मका नाममा मन्दिर धाउने व्यक्ति, भिखारी, क्यामराले सर्किनीको फोटो खिच्ने टुरिस्ट र साहु सामन्तीवर्गका प्रतिनिधिमूलक पात्र हुन् । काठामाडौंको विष्णुमती बगरमा बिहान उज्यालो नहुँदैदेखि बालुवा चाल्ने र त्यही बगरको किनारमा रहेको पाटीमा रात कटाउने सर्किनीको आफ्नो निजी बासस्थान छैन । दिनभरी ज्याला मजदुरी गरेको दुई पैसाले उसले बिहान बेलुकाको छाक टारेकी छ । उसको साथमा अपाङ्ग लोग्ने पनि छ । जो शारीरिक परिश्रम गर्न सक्दैन । बालुवा चाल्ने कामको पनि उसका लागि कुनै ग्यारेन्टी छैन । उमाथि ठेकदारले श्रम शोषण गर्छ । ऊ ठेकदारले दिएको ज्यालामा निर्भर । सामन्तवादी उत्पादन सम्बन्ध र त्यसको अन्यायपूर्ण असमान वितरण प्रणालीका कारण नैकापे सर्किनी र उसको लोग्नेको आर्थिक अवस्था ज्यादै दयनीय रुग्ण बनेको छ। उनीहरूको न त बस्ने घर, न त खाने अन्न, न त रोजगारी अवसर, न त लाउने व्यवस्था छ । सबै कुराबाट यो वर्ग बञ्चित भएका कारण सबार्ल्टन बनेको देखिन्छ। जसलाई तलको साक्ष्यले पुष्टि गर्दछ :

> मंसिर, पुस र माघ महिना भनेको शीत, तुसारो र ठिहीको महिना हो । यतिखेर सिरक पन्छाएर घामले मुख देखाउन पनि गाह्रो मान्छ । ऊ बिहानी धेरै लामो समयसम्म सुतिदिन्छ उही पनि भुवाको कोट लगाउँछ, तर नैकापे सर्किनी ऊ त्यही लुगा लगाएर आउँछे, जो उसले जेठ महिनामा लगाएकी थिई । नैकापे सर्किनीलाई घामको अस्तित्वप्रति शंका लाग्छ आजभोलि । उसको समय अन्धकार हो । फेरि ऊ अँध्यारोदेखि नै घुँडासम्म पानीमा डुबेर बालुवा निकाल्दै थुपार्दै गरिरहेकी हुन्छे र आफै पनि बालुवाजस्तै निर्जीव र चिसो भइसकेकी हुन्छे ।....साँझ चार बजे ऊ बालुवाको धापबाट निस्कन्छे, फलामजस्तै चिसो र कठोर भएर । त्यो थुपारिएको बालुवाको खात ठीक उसको जीवनको प्रतीक हो रसहीन र रूखो । चार शब्दमा ऊ हरिया लसुन र मकैको पिठो किन्छे र यन्त्रचालित जस्तो पाटीमा फर्किन्छे (पारिजात, २०७३, पृ. १४२/१४४)

माथिको साक्ष्यमा मंसिर, पुस र माघ महिनाको जाडोमा पनि जेठ महिना वा गर्मी यामको एकसरो लुगा लगाएर विष्णुमती खोलाको किनारमा बिहान सबेरैदेखि बालुवा चाल्नु , बालुवा चालेर बेलुकी फर्किएको समयमा हरियो लसुन र मकैको पिठो किनेर यन्त्रचालित ढङ्गले सर्किनी पाटीमा फर्कनुले नैकापे सर्किनीको आर्थिक विपन्नतालाई भल्काएको छ । समाजमा सामन्तवर्ग जहिले पनि शक्ति र सत्ताको आडमा गरिबहरूमाथि आर्थिक तथा श्रम शोषण गर्दछन् । विपन्नवर्गमाथि गरेको आर्थिक तथा श्रमशोषणका कारण उनीहरु दिनदिनै मोटाउँदै जान्छन् भने गरिबहरू अरू विपन्न बन्दै जान्छन्। आर्थिक विपन्नताकै कारण विपन्नवर्गका मानिसहरू सम्भ्रान्तवर्गका विरूद्ध र आफ्ना हकअधिकारका विषयमा बोल्न सकिरहेका हुँदैनन् । अर्थात उनीहरू आवाजविहीन बनाइएका हुन्छन् । प्रस्तुत कथाकी केन्द्रीय पात्र नैकापे सर्किनी गरिब छ । गरिब भएकै कारण ऊ बालुवा चाल्न लगाउने ठेकदारसँग आफ्नो श्रमको पारिश्रमिकका विषयमा बोल्न सकेकी छैन । यसैको फाइदा उठाएर ठेकदारले ऊमाथि अझ श्रमशोषण गरेको छ, पारिश्रमिकमा ठगेको छ । जसका कारण सिर्किनीको जीवनस्तर तथा दैनिकी विपन्न र

जीर्ण बनेको देखिन्छ । मानौ उसको अस्तित्व नै समाप्त हुँदैछ । माथिको साक्ष्यमा रहेको " नैकापे सर्किनीलाई घामको अस्तित्वप्रति शंका लाग्छ आजभोलि । उसको समय अन्धकार हो । फेरि ऊ अँध्यारोदेखि नै घुँडासम्म पानीमा डुबेर बालुवा निकाल्दै थुपार्दै गरिरहेकी हुन्छे र आफै पनि बालुवाजस्तै निर्जीव र चिसो भइसकेकी हुन्छे" यस कथांशले सो कुरा पुष्टि गरेको छ ।

यसरी प्रस्तुत कथामा सर्किनी र उसको लोग्नेले पाटीमा रात काट्न बाध्य हुनु र सर्किनीले अहोरात्र खटेर बालुवा चालेको पारिश्रमिकले बिहानबेलुकीको छाक टार्न धौ धौ पर्नुले उनीहरूको आर्थिक विपन्नतालाई झल्काएको छ एकातिर भने अर्कोतिर ठेकदारले सर्किनीमाथि गरेको श्रमशोषणले उसको आर्थिक अवस्था अरू सकिँदै गएको छ । यसको सापेक्ष्यताले सामन्तवर्गका शोषण कारण समाजमा गरीबहरूको अस्तित्व सङ्कटमा परी सबाल्र्टन बनेका हुन् भन्ने कुरा पुष्टि गर्दछ । यसर्थ यस कथामा वर्गीय सबाल्टर्नको यथार्थ चित्रण पाउन सकिन्छ ।

### ३.२ सबाल्टर्नवर्गको लैङ्गिक अवस्था

वर्गगत विभेदका कारण समाजमा निम्नवर्गका मानिसहरू उत्पीडनमा पारी सबाल्टन बने जस्तै लिङ्गगत विभेदका कारण समाज, घरपरिवार तथा राष्ट्रमै महिलाहरू सबाल्र्टन बन्छन् वा बनाइन्छन् । महिलाहरू एकातिर पितृसत्ता, हिन्दुधर्म - संस्कृतिका कारण सबाल्र्टन बनेका हुन्छन् भने अर्कोतिर उनीहरूमाथि हुने यौनिक, शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक विभेदका कारण सबाल्टर्न बन्न पुग्दछन् । समाजमा निम्नवर्गका महिलामात्र होइन उच्चवर्गका महिलाहरू पनि सबाल्टर्न बनेका हुन्छन् । तल्लोवर्ग र जातिका महिलाहरू वर्गीय, जातीय, सामाजिक भूमिका, सांस्कृतिक विभेद तथा यौनिकताका कारण सबाल्टर्न बनेका हुन्छन् भने उच्च जाति तथा सम्भ्रान्त परिवारका महिलाहरू सामजिक भूमिका तथा सांस्कृतिक व्यवहार तथा यौनिकताका कारण सबाल्टर्न बनेका हुन्छन् । 'नैकापे सर्किनी' कथाकी प्रमुख पात्र नैकापे सर्किनी जातीय, वर्गीय तथा लैङ्गिक दृष्टिले सबाल्टर्न पात्र हो । पितृसत्ताले महिलालाई दास तथा उपभोगको वस्तु सम्झन्छ र सोही किसिमको व्यवहार गर्दछ, । प्रस्तुत कथाकी मुख्य पात्र आफ्नै लोग्नेको पितृसतात्मक सोच तथा चिन्तनका कारण लैङ्गिक विभेद र यौनिकताका दृष्टिले सबाल्टर्न बनेकी छ । यसलाई निम्नलिखित साक्ष्यले पुष्टि गर्दछ :

> उसको लोग्ने उसलाई शारीरिक रुपमा माया पनि गर्न सक्दैन र घृणा पनि गर्न सक्दैन, त्यसैले ऊ सर्किनीलाई भाषाले पिट्छ, आँखाको अभिव्यक्तिले बलात्कार गर्छ र शब्दले लात हान्छ । एउटा अति विवश मान्छे हो सार्की तर आफ्नो विवशताप्रति एकरत्ति सचेत छैन । ....सर्किनी आएर खाना पकाइसकेको अन्दाज गरेपछि सार्की फर्किन्छ पाटीमा । घस्रन सक्ने ठाउँसम्म उ जान्छ , दिनभरि तास खेल्छ राति यसरी मस्तिष्कभरि हार झगडा र हीनताभासको धुवाँ बोकेर फर्किने गर्दछ (पारिजात, २०७३, पृ. १४४) ।

माथिको साक्ष्यमा शाारीरिक रूपमा अशक्त, घस्रिएर भए पनि दिनभरि गाउँ डुल्न, तास खेल्न सक्ने तर स्वास्नीलाई घरको काममा नसघाउने सार्कीको चरित्रलाई देखाइएको छ । यसमा श्रीमतीले भात पकाइसकी होला भन्ने समयको अन्दाज गरेर मस्तिष्कभरि हार र हीनताको भाव बोकेर झगडा गर्ने मनसायले घर फर्किने सार्कीको प्रवृतिले सर्किनीमाथि लौङ्गिक हिंसा भएको पुष्टि गर्दछ । दिनभरि बालुवा चाल्दा भुतुक्क भएर गलेकी सर्किनीले घरको काममा उसको लोग्नेबाट कुनै सहयोग पाउँदिन । ऊ उल्टै लोग्नेबाट गाली खान्छे, उपेक्षित हुन्छे । उसले लोग्नेको माया कहिल्यै पाउन सकेकी छैन, सधैं अपहेलित भएर बाँच्नु परेको छ । बर्षौंदेखि सामाजिक उत्पीडनमा परेकी सर्किनी आफ्नै लोग्नेले गरेको मानसिक हिंसाका कारण थप उत्पीडनमा परेकी छ । लैङ्गिक तथा वर्गीय उत्पीडनकै कारण ऊ बालुवा अर्डर गर्ने साहु तथा खाद्यान्न बेच्ने पसले कसैसँग पनि चार शब्दभन्द बढी बोल्दिन । यसरी सर्किनी बोल्न नसक्नु तथा नचाहानु भनेको पितृसत्ताले उसमाथि गरेको अपमानजनक व्यवहार र दमित मानसिकताको कारण हो ।

संस्कृतिले मानिसलाई समाजमा परिचित गराउँछ । संस्कृति सामाजिक पहिचानको मूल आधार हो । यसले व्यक्तिलाई म को हुँ र के गर्न सक्छु ? मेरो सामाजिक अवस्था कस्तो छ ? भन्ने जान्ने वातावरण प्रदान गर्दछ । अर्थात समाजमा आफ्नो अतीत र वर्तमानको बारेमा बोध गराउँछ र समाजमा उसको परिचय दिलाउँछ । यस कथाकी नायिका सर्किनीले सामाजिक तथा सांस्कृतिक पहिनानको बोध गर्न पाएकी छैन । उसले महिला भएकै कारण सामाजिक परिचय नपाएकी हो । नैकापमा बस्ने भएकोले ऊ नैकापे र सार्कीकी श्रीमती भएकोले सर्किनी

नैकापे सर्किनीका नामले चिनिनु परेको छ। उसले आफ्नो नाम थर पितृसत्ताका कारण गुमाउनु परेको हो। उसले युगौंदेखिको जातीय, लैङ्गिक तथा वर्गीय उत्पीडन भोलेकी छ तर उत्पीडन के हो जान्दिन। यति हुँदाहुँदै उसमा चेतना छैन। यसरी उसमा चेतना नहुनु भनेको उसमा रहेको शिक्षाको अभाव हो। शिक्षा अभावकै कारण उसको जीवन यातनागृहको कैदीको जस्तो बनेको छ। उसका लागि शिक्षालय विष्णुमतीको किनार, बालुवा र उसको इर्ष्या गर्ने लोग्ने भएको छ।

यसरी सर्किनीले तल्लो जातकी, गरिब, अशिक्षित र महिला भएकै कारण निरीह, अवला र शोषणको मारले थिचिएर लैङ्गिक रूपमा सबाल्टर्न बनेको कुरा कथामा स्पष्ट देख्न सकिन्छ।

### ३.३ सबाल्टर्नको जातिगत अवस्था

समाज वर्गीय रूपमा मात्र नभई जातीय रूपमा समेत विभेदयुक्त छ। समाजमा उपल्लो भनिएका ब्राम्हण, क्षेत्री आदि जातिबाट तल्ला जातजातिमाथि दमन तथा शोषण हुने गरेको छ। माथिल्लो जातका भनिएका मानिसहरूले तल्लो जातका मानिसहरूमाथि गर्ने असामाजिक व्यवहार (छोएको नखाने, उनीहरूलाई घरभिरत्र पस्न नदिने ), राजनैतिक तथा सांस्कृतिक अधिकार, आयआम्दानीमूलक रोजगारीबाट तथा व्यवहारबाट बन्चित गराउने, मजदुरहरूको हकहितका संगठमा उनीहरूलाई सङ्गठित नगराउने, उनीहरूको आवजलाई नउठाउनाले उनीहरू सबाल्टर्न बन्न पुगेका हुन्छन्। प्रस्सतुत कथाकी मुख्य पात्र नेपाली समाजले अछुत मानेको तल्लो जातकी सार्की वा सर्किनी हो। उसले तल्लो जातको भएकै कारण शहरमा अरु काम गर्ने पाएकी छैन। ऊ निम्न वर्गको माथिल्लो जातको भएकी भए सहरको कुनै घरमा घरायसी कामको अवसर पाउने थिई। उसले तल्लो जातको भएकै कारण विष्णुमतीको बगरमा बालुवा चालेर जीवन गुजार्नु परेको छ। उसले नूनतम मूल्यमा कडा परिश्रम गर्नु परेको छ। बिहान झिसमिसेदेखि बेलुकी साँझसम्म बालुवा झिके पनि उचित ज्याला नपाउनाले उसको जीवनमा कुनै परिवर्तन हुन सकेको छैन, बरु दिनदिनै सकिदै गएको छ। यस कुरालाई निम्नलिखित साक्ष्यले प्रष्ट पार्दछ "रातभरि सपनामा पनि ऊ बालुवा झिकेको देख्छे। यसरी नैकापे सर्किनी इन्च इन्च गर्दै सिद्धिँदैछ" ( पारिजात, २०७३, पृ.१४५)। प्रस्तुत साक्ष्यमा विष्णुमतीको बगरमा बालुवा चाल्ने काममा सर्किनी एक्लै देखिन्छे। ऊ एक्लै भएकै कारण ठेकदारले बिना सर्त, बिना कागज पत्र बालुवा चाल्ने काममा लगाएको छ। उसले यसरी काम लगाउन सक्नु, पारिश्रमिकमा ठग्न सक्नु भनेको ऊ तल्लो जात र कुनै मजदुर सङ्गठनमा सामेल हुन नसक्नु पनि हो। यसरी प्रस्तुत कथामा सर्किनी तल्लो जातको तथा मजदुर सङ्गठनमा आवद्ध नभएकै कारण ठेकदारबाट ठगिएर बाल्टर्न बनेको कुरा स्पष्ट हुन्छ।

### ३.४ सबाल्टर्नको आवाज वा प्रतिरोधको अवस्था

साहित्यक कृतिको विश्लेण गर्दा कृतिमा रहेका सबाल्टर्न चरित्रको प्रतिरोध वा अप्रतिरोधको अवस्थालई हेर्नुपर्ने हुन्छ। यस कथामा नैकापे सर्किनी आफ्नै लोग्ने (सार्की), ठेदार साहु, हिन्दु धर्मभिरू ब्राह्मण, भीखारी आदि पुरुष चरित्रका व्यवहारका कारण उपेक्षित र शोषित बनेकी छ। उसको लोग्ने शारीरिक रूपमा अपाङ्ग छ। सर्किनी कमाइले उसको जीनन बाँचेको छ। ऊ सर्किनीलाई शारीरिक रूपमा माया र घृणा गर्न सक्दैन तर ऊ भाषाले सर्किनीलाई पिट्छ आँखाको अभिव्यक्तले बलात्कार गर्छ। आफ्नै विवशताप्रति सचेत नहुने उसको लोग्नेको व्यवहार नैकापे सर्किनीलाई पटक्कै मन पर्दैन। ऊ लोग्नलाई शब्दले गाली त गर्दिन तर भित्रभित्रै घृणा गर्छे। अपाङ्ग लोग्नेलाई माया गर्नु पर्ने हो तर उसले स्वास्नीलाई भोग्या वस्तुको रुपमा हेरेको सर्किनीले बुझेकी छ त्यसैले ऊ घृणा गर्छे। सर्किनीले लोग्नेलाई घृणा गर्नु उसमा रहेको प्रतिरोधी चेतनाले हो। जुन कुरा यस कथांशले पुष्टि गर्दछ : "एउटा अति विवश मान्छे हो सार्की तर आफ्नो विवशताप्रति ऊ एकरत्ति सचेत छैन त्यसैले सर्किनी घृणा गर्छे उसलाई ( पारिजात, २०७३, पृ. १४२)। यसरी सर्नीले लोग्नेलाई भित्रभित्रै घृणा गर्नु भनेको सर्किनीमा रहेको प्रतिरोधी चेतना हो।

पितृसत्ताले महिलाहरूलाई कमजोर, अवला र वस्तुको रूपमा हेर्ने मात्र होइन उपभोग पनि गर्छ। समाजका अधिकांश पुरुषहरू पितृसत्तको आडमा महिलामाथि दुराचारको भावनाले हेर्ने गर्दछन्। यसमा उच्चवर्गको तुलनामा गरीब तथा निमुखावर्ग र तल्लो जातका भनिएका महिलाहरू यौन हिंसाको सिकार कारण बलात्कृत हुने गरेका छन्। समाजमा गरिबी र निमुखावर्गका महिलाहरूका कुरा कसैले नसुन्ने र नपत्याउने परिपाटीका कारण यस वर्गका

जुनसुकै उमेरका महिलाहरू पुरुषको यौनहिंसा तथा बलात्कारको शिकार बन्नु परेको छ । यसो भएपनि पिडित महिलाहरू एक्लै एक्लै प्रतिकारमा उत्रिन थालिसकेका छन् । यस कथाकी नारी पात्र नैकापे सर्किनी वर्गीय, लैङ्गिक तथा जातीय दृष्टिले शोषित पीडित र निरीह अवला छ तर ऊ आफ्नो सतित्वरक्षामा भने सबल, सक्षम सचेत छ । उसले आफूमाथि भएको श्रमशोषणका कुरामा प्रतिरोध जनाउन नसके पनि आफूमाथि भएको यौन हिंसाको विरोध गरेकी छ । निम्नलिखित कथांशले उक्त कुराको पुष्टि गरेको छः

> डर नाउँ गरेको बोध पनि हुँदैन उसलाई, त्यो पनि मरिसकेछ क्यारे । केही दिनअघि उसको गरीब स्वास्नीमान्छे हुनुको नियतिको फाइदा उठाएर त्यतैको एकजना ठगीखाने भिखारी उसलाई लुट्न त्यहाँ पसेको थियो । सर्किनीले थाहा पाई यो उसको अस्मिताको प्रश्न थियो । यहाँ भाषा र शब्दसँग होइन एउटा बलिष्ट र सिङ्गो लोग्नेमान्छेसँग जुध्नु पर्ने हुन्छ । यो अर्कै किसिमको वास्तविकता हो । उसले छेवैमा राखेको थाले कुचो च्याप्प समाती र बजारेर आक्रमणकारीतिर हानी । छल्दा-छल्दै पनि छल्न सकेन भिखारीले । ठिहिर्याइरहेको हारमा लागेको प्रहार सहन नसकेर रन्थनिँदै ऊ भाग्यो त्यपछि फर्केर आएन । (पारिजात, २०७३, पृ. १४५)

माथिको कथांशबाट सर्किनीलाई गरिब तथा निमुखा देखेर भिखारीले यौन शोषण गर्ने प्रयत्न गरेको कुरा स्पष्ट बुझ्न सकिन्छ । सर्किनी, गरिब छ, निमुखा तर आफनो आस्तित्व रक्षा गर्ने बिषयमा भने सचेत छ । उसले आफ्नो अस्मिता रक्षाको लागि भएभरको बल प्रयोग गर्न सक्छे भन्ने कुरा उसले हानेको कुचोको चोटको प्रहारले भिखारीको हातमा चोट लागेको र त्यसपछि ऊ कहिल्यै फर्किएर आएन भन्ने भनाइबाट बुझ्न सकिन्छ । यसमा सर्किनीले भिखारीलाई प्रहार गर्नु, उसको प्रहाबाट भागेको भिखारी डराएर भाग्नु, ऊ फेरि कहिल्यै आउने आँट नगर्नु, भिखारीलाई खेद्न सफल भएबाट सर्किनीलाई डर लाग्न छोड्नुले सबाल्टर्न पात्र सर्किनीमा प्रतिरोधी चेतनाको सशक्त विकास भएको कुरालाई जनाएको छ । साथै यसमा नैकापे सर्किनीका माध्यमबाट नेपाली नारीहरूमा पितृसत्ता तथा आफूमाथि हुने लैङ्गिक हिंसाविरुद्ध प्रतिकार गर्ने र आफ्नो सतित्व रक्षा गर्ने क्षमताको विकास हुँदै गएको कुरा बुझ्न सकिन्छ ।

### ३.५ बौद्धिकवर्गको भूमिका तथा लेखकीय दृष्टिकोण

पढाइ लेखाइ भएको वा प्राज्ञिक ज्ञान भएको व्यक्ति वा समूह जसले समाजमा आफ्नो भूमिका तथा उत्तरदायित्व वहन गर्दछ त्यसलाई नै बौद्धिकवर्ग भनिन्छ । बौद्धिकवर्ग समाजका हरेक गतिविधिमा सचेत हुन्छन् । उनीहरू समाज राष्ट्र लागायतका विविध क्षेत्रमा आफ्नो र अरूको अधिकारका लागि लागि परेका हुन्छन् । बौद्धिकवर्गको भूमिकाका समाजिक रूपान्तरणको लागि महत्ववपूर्ण हुन्छ । कृतिमा बौद्धिकवर्गको भूमिका के कस्तो छ ? ऊ आफ्ना र सबाल्टर्नका विषयमा बोलेको छ कि छैन ? ऊ बोलेको छ भने सत्ता वा प्रभुत्वशली वर्गसँग डराएको छ कि छैन ? जस्ता विषयहरू सबाल्टर्न अध्ययनका लागि महत्वपूर्ण हुन्छन् । नैकापे सर्किनी कथामा बौद्धिकवर्गको भूमिकामा कुनै पात्रहरूको उपस्थिति छैन तापनि लेखकीय दृष्टिकोण भने पाउन सकिन्छ । आफू बाँचेको युगको यथार्थताको सहज रूपमा प्रस्तुति दिने पारिजातले नेपाली समाजका निम्न वर्ग, दलित, महिला, जनजाति तथा हरतरहबाट पछाडि पारिएका पीडित वर्ग समुदायको समस्यालाई यथार्थ रूपमा चित्रण गर्दै तिनको मुक्तिको आह्वानमा समर्पित भएर कथा रचना गरेको पाइन्छ । जीवनको निस्सारता विसङ्गति, अस्तित्ववादी चिन्तनको प्रस्तुतिलाई प्रारंभिक काव्यकृतिहरूमा बढी प्रश्रय दिन रुचाउने यिनका पछिल्ला समयावधीमा लेखिएका कथाकृतिमा प्रगतिवादी स्वर मुखरित भएको पाइन्छ । तत्कालीन नेपाल सरकारको निरङ्कुश पञ्चायती शासन व्यवस्थाका विरुद्धमा केही सङ्गीतकार र लेखक कविहरूले आफ्नो प्रकारको स्वर उराल्न गठित साहित्कि आनदोलन “राल्फा” (२०२३) को केन्द्रीय नेतृत्वमा पारिजातको सक्रियता रहेको थियो । यही राल्फाली आन्दोलन पछि गएर नयाँ जनवादी संस्कृति र प्रगतिशील लेखनका फाँटमा महत्वपूर्ण कोशेढुङ्गो बन्यो । पारिजातले साहित्यिक यात्राबाट मात्र नभई वैचारिक रूपमा पनि देश र जनताका निम्ति समर्पित हरने अठोट लिई वि.सं २०३४ सालमा तल्कालीन नेपाल कम्युनिष्ट पार्टी सदस्य भई महिला मुक्तिको आन्दोलनमा सक्रिय भएर लागेको पाइन्छ (प्रसाइ, २०६३, पृ. १४) । राल्फाली आन्दोलन, कालमार्क्सका साहित्यिक दर्शनहरुको गहिरो अध्ययन र नेपाल कर्मुनिस्ट पार्टीसँगको आबद्धताले पारिजात प्रगतिवादी, परम्रागत मूल्य मान्यताप्रति विरोधीका रूपमा देखा परेको पाइन्छ । पारिजात विशेष गरेर महिला मुक्तिका पक्षमा खुलेर आवाज उठाउने साहित्यकार हुन् । यिनका सबैजसो कृतिमा पितृसतात्मक नेपाली

समाजमा नारीले भोग्नुपरेका सामाजिक समस्यालाई उठान गरिएको पाइन्छ । नारी अधिकार र नारी अस्मिताका विषयमा केन्द्रित रहेर कथा लेख्ने पारिजातले कथाहरूमा निम्नवर्गका नारीप्रति सहानुभूति तथा संरक्षणको दृष्टिकोण राखेको पाइन्छ ।

प्रस्तुत 'नैकापे सर्किनी' कथामा प्रभुत्वशाली सामन्तवर्गले निम्नवर्गप्रति गर्ने दमनात्मक व्यवहार र पितृसतात्मक नेपाली समाजमा नारीहरूले भोग्नु परेका शोषण, दमन, अन्याय अत्याचारको तथा यौनहिंसा जस्ता विषयको यथार्य चित्रणा गरिएको छ । पारिजात स्वयं नेपाली राजनीतिमा वर्गीय आन्दोलनमा सशक्त स्रष्टा हुन् । उनमा रहेको मार्क्सवादी वैचारिक राजनीतिको उपयोग उनका २०३० को दशक पछि रचना गरिएका प्राय : सबै कृतिहरूमा पाइन्छ। पहिलोपटक धवालागिरी वर्ष २, अङ्क १,२, ३ २०३९ मा प्रकाशित प्रस्तुत कथामा पञ्चायतकालीन समय पृष्ठभूमिका रूपमा आएको छ । उनले यसमा पञ्चायतकालीन शासन व्यवस्थाताका प्रभुत्वशालीवर्गका शोषण, दमन, अन्याय अत्याचारका कारण निम्नवर्गकी पात्र नैकापे सर्किनीले सबाल्टर्न बन्नु परेको यथार्थको चित्रण गरेकी छन् । पारिजातको नेपालमा गाँसबास र कपासविहीन जीवन बाँच्न बाध्य पारिएका निम्नवर्गका मजदुर ( नारी) प्रति अत्यन्तै सहानुभूति र सम्मान प्रकट गरेको कथा हो 'नैकापे सर्किनी' । उनले यसमा घर निर्माणको कामको जिममेवारी पाएको ठेकदा, धर्मका नाममा मन्दिर धाउने मानिस (एकजना व्यक्ति), सर्किनीको अस्मिता लुट्न आउने भिखारी, सर्किनीको फोटो खिचेर पाँच रूपयाँ दिएर जाने टुरिस्ट आदि उच्चवर्गका पात्रहरु र सर्किनीको लोग्नेलाई समेत ओझेलमा पार्दै निम्नवर्गीय मजदुर पात्र सर्किनीको चरित्रलाई स्थान दिएकी छन् । यसरी कथामा जातीय, लैङ्गिक, तथा वर्गीय रूपमा सबार्ल्टन पात्र सर्किनीलाई मात्र स्थान दिनु र उसैको केन्द्रीयतामा कथा लेख्नुले लेखकको निम्नवर्गका नारी चरित्रहरुप्रतिको सहानुभूति हो भन्ने प्रष्ट हुन्छ। यस सम्बन्धमा निम्नलिखित साक्ष्यलाई उदाहरणको रूपमा लिन सकिनछ :

> ऊ त्यो त्यही नैकापे सर्किनीको जीवन मरुभूमिको दुष्कर यात्रा जस्तो जीवन, अझ त्यो भन्दा कठिन । मरुभूमि मा त कमभन्दा कम कतै ओसियस हुन्छ । भन्ने आशा हुन्छ, यहाँ त त्यो पनि छैन । नैकापे सर्किनीको निम्ति जीवन खालि बाँच्दै जानु, जबसम्म मर्दैन । यो बाँच्दै जानु भित्र उसका दैनिक क्रियाकलापहरू रुटिनबद्ध छन् । बिहान अँध्यारैमा उठ्नु, दुखको मानो पकाउनु र आफूमाथि आश्रित अपाङ्ग लोग्नेलाई अनि सुत्नु मुर्दा जस्तै" (पारिजात, २०७३, पृ. १४१) ।

माथिको साक्ष्यका आधारमा नैकापे सर्किनी र उसँग जोडिएको उसको परिवार विपन्न वर्गका हुन् भन्ने कुरा स्पष्ट हुन्छ । कथाकारले आर्थिक विपन्नताका कारणले नैकापे सर्किनीको जीवन मरुभूमिको दुष्कर यात्रा भन्दा पनि कठिन रहेको उल्लेख गरेको छ । जीवन बाँच्नका लागि मानिसलाई आर्थिक कुराले सहयोग गर्दछ । मानिस आर्थिक रूपले सम्पन्न हुनका लागि कि उसको जल र जमिनमाथि स्वमित्व हुनु पर्छ कि त रोजगारीको अवसर र ग्यारेन्टी हुनुपर्छ । नैकापे सर्किनीको परिवार यी दुबै कुराबाट वञ्चित छ । सर्किनीले श्रम र उत्पादनको असमान वितरणको कारण उचित ज्याला नपाउनाले शोषित तथा पीडित बन्नु परेको छ । दिनभरी विष्णुमतीको बगरमा घुँडा घुँडा पानीमा डुबेर बालुवा झिके पनि उसको जीवनमा कुनै परिवर्तन आएको छैन । सर्किनीको यस्तो दिनचर्या र जीवन भोगाइप्रति लेखकको अत्यन्तै सहानुभूति रहेको छ । माथिको "ऊ त्यो त्यही नैकापे सर्किनीको जीवन मरुभूमिको दुष्कर यात्रा जस्तो जीवन, अझ त्यो भन्दा कठिन । मरुभूमि मा त कमभन्दा कम कतै ओसियस हुन्छ । भन्ने आशा हुन्छ, यहाँ त त्यो पनि छैन । नैकापे सर्किनीको निम्ति जीवन खालि बाँच्दै जानु, जबसम्म मर्दैन । यो बाँच्दै जानु भित्र उसका दैनिक क्रियाकलापहरु रुटिनबद्ध छन्" कथांशले सो कुरा पुष्टि गरेको छ ।

समाज आज पनि उच्च, मध्यम र निम्न वर्गमा विभक्त छ । समाजमा उच्चवर्गको प्रभुत्व र सामन्ती प्रवृत्तिका कारण निम्नवर्ग शोषित बन्नु परेको हो । उच्चवर्गका तुलनामा मध्यम तथा निम्नवर्गका मानिसहरूको आर्थिक, प्रशासनिक, राजनैतिक, सांस्कृतिक, धार्मिक विविध क्षेत्रमा पहुँच प्राय शून्य छ । देशको आर्थिक उत्पादनको ठुलो हिस्सा उच्चवर्गका हातमा रहेको छ जसले गर्दा निम्नवर्गका मानिसहरूले बिहानदेखि दिनभरि श्रम गरे पनि भोकभोकै बस्नु पर्ने बाध्यात्मक अवस्था छ । प्रस्तुत कथामा कथारले नैकापे सर्किनीको जीवनका माध्यमबाट सामन्त वर्गको आर्थिक शोषणका कारण निम्नवर्गहरू कसरी सकिँदै छन् र उनीहरुको अस्तित्व कसरी दिनदिनै सङ्कटमा पर्दैछ गएको उल्लेख गरेको छ । यसमा "नैकापे सर्किनीको निम्ति जीवन खालि बाँच्दै जानु, जबसम्म मर्दैन" (पारिजात, २०७३, पृ. १४१) प्रस्तुत कथांशले सो कुरा पुष्टि गरेको छ । मानिस जन्मदै गरिब र धनी भएर जन्मदैन । समाजमा

आर्थिक असमानता र श्रम शोषणका कारण मानिस शोषक (सामन्त) र शोषित ( विपन्न ) वर्ग बन्दछ । प्रस्तुत कथामा सम्पन्नवर्गले  विपन्नवर्गमाथि प्रमाणविहीन, सर्तविहीन, गैरकानुनी ढङ्गले शोषण गरेका कारण गरिबहरू झन्झन् गरिब र सामन्तहरू झनझन मोटाउँदै गएका हुन् भन्ने कथाकारको स्पष्ट अभिव्यक्ति रहेको पाइन्छ । यस कथांशले सो कुराको पुष्टि गर्दछ : " यसरी नैकापे सर्किनी इन्च इन्च गर्दै सिद्धिँदै छे । उसको हाड मासु र रगत राजधानीको भवनमा जम्मा हुँदैछ  बिना मूल्य, बिना कुनै कागजपत्र ( पारिजात, २०७३, पृ. १४५) ।

यसरी वर्गीय समाजमा निम्नवर्गका मानिसहरू शोषणकै कारण बोल्न नसक्ने अवस्थामा पुचाइन्छन् भन्ने कुरा पारिजातले तत्कालीन समाज हेरेर भोगेर अनुभव गरेको देखिन्छ । गायत्री चक्रवर्तिले सवबाल्र्टनहरू बोल्न सक्दैनन् बोले पनि उनीहरूको आवाज सुनिँदैन तसर्थ बौद्धिक वर्गले उनीहरूको आवाजको प्रतिनिधित्व गरिदिनु पर्छ भन्ने म त राखेकी छन् (शर्मा, २०७० पृ. ३१८) । वर्गीय समाजमा शोषित र शोषक वर्गको जीनशैलीमा देखिने भिन्नतासँगै तिनीहरूको सोचाइमा भिन्नता रहेको हुन्छ । सामन्तवर्गहरू धर्म संस्कृति, चालचलन रीतीरिवाजको आडकमा निम्नवर्गमाथि उपेक्षा समेत गर्दछन् । जालझेल गर्नु, झुट्टा बोल्नु यिनीहरूको संस्कृति जस्तै हो । जुन संस्कार तथा संस्कृतिको मार निम्नवर्गका चरित्रमाथि पर्दछ । अझ पितृसतात्मक नेपाली समाजमा महिलाले बोल्ने र आवाज उठाउने कुरालाई निषेध गरिन्छ । प्रस्तुत कथाकी नायिका नैकापे सर्किनी निम्नवर्गीय नारी चरित्र हो । ऊ आफ्नै लोग्ने, ठेकदार तथा सामन्तहरूले आफूमाथि अन्याय गर्दा पनि चुपचाप सहन बाध्य भएकी छ । यहाँ गायत्री स्पिभाकले भने झैं सिर्किनीले बोल्न चाहेर वा विरोध गर्न चाहेर पनि सकेकी छैन । उसले बोल्न नसक्नु भनेको पितृसतात्मक समाज तथा सामन्तवादी शासन व्यवस्थाल हो । नैकापे सर्किनी आफूमाथि भएको शोषणकै कारण बोल्न सक्दिन र चाहन्न पनि ।  यस साक्ष्यले उक्त कुराको पुष्टि गर्दछ  :

> धर्मको नाममा मन्दिर धाउने एकजना महानुभावले  एक दिन उसलाई प्रश्न गरेको थियो  'अलिक घाम छिपिएर त आउनु, यो बगरको बालुवा कहाँ भाग्दछ र ?' उसले कुनै प्रतिक्रया दिइन, माने उसको जीवन यस्तो यातनागृहको कैदी जस्तो छ, जहाँ अब उसले मान्छेको भाषा बुझ्न छोडिसकेकी छ । (पारिजात, २०७३, पृ. १४३) ।

प्रस्तुत साक्ष्यमा उच्चवर्गका मानिसहरूले निम्नवर्गहरूमाथि आर्थिक कारणले मात्र नभई  राजनैतिक तथा धर्मसंस्कृतिका आधारमा समेत शोषणमा पारी सबाल्र्टन बनाइएका हुन्छन् भन्ने कुरा स्पष्ट आएको छ । यसमा कथाकारले कथाकी पात्र नैकापे सर्किनी समाजका उच्च सामन्त वर्गको शोषणका कारण बोल्न नसक्ने र बोल्नसम्म नचाहने अवस्थामा पुचाइएको उल्लेख गर्दै लेखकले सर्किनीप्रति सहानुभूति राखेको स्पष्ट हुन्छ ।

**निष्कर्ष**

पारिजात आधुनिक नेपाली कथाको  प्रगतिवादी कथाकार हुन् । उनका कथाहरूमा समाजले यथोचित सम्मान दिन नसकेका र किनारामा पारेका पात्रहरूको जीवनका जटिलताहरूको मार्मिक प्रस्तुति पाइन्छ । यस लेखमा उनको 'नैकापे सर्किनी' कथालाई सबाल्टर्न सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । कथामा नैकापे सर्किनी र उसको लोग्ने निम्नवर्ग पात्रहरूका रूपमा रहेका छन् भने ठेकदार धर्मका नाममा बिहान बिहान मन्दिर धाउने व्यक्ति, टुरिष्ट र भिखारी सामन्तवर्गका पात्रको रूपमा रहेका छन् । नैकापे सर्किनीलाई वर्गीय, जातीय तथा लैङ्गिक दृष्टिले सबाल्टर्न पात्रका पाउन सकिन्छ । प्रस्तुत कथामा सर्किनीको लोग्ने जातीय र वर्गीय रूपमा सबाल्र्टन भए पनि उसमाथि सामन्तवर्गका पात्रहरूको शोषण दमनका क्रियाकलापहरू भएको देखाइएको छैन । ऊ पितृसत्ताको संरक्षकका रूपमा कथामा उपस्थित । ऊ शारीरिक रूपमा अशक्त छ तर लोग्ने हुनुको रवाफले ग्रसित भएकाले आफ्नी श्रीमती सर्किनीमाथि आइलाग्छ हातपात गर्छ । उसको कारण सर्किनीले लैङ्गिक रूपमा सबाल्टर्न बन्नु परेको छ  । कथाकी सबाल्टर्न पात्र पनि नैकापे सर्किनी नै हो । यसमा सबाल्टर्नवर्गको वर्गीय, लैङ्गिक र जातीय अवस्था, प्रभुत्व र प्रतिरोधको अवस्थालाई विश्लेषणको मुख्य आधार बनाइएको छ । 'नैकापे सर्किनी' कथाभित्रको समाजमा सम्भ्रान्तवर्ग र पितृसत्ताको हावी रहेको छ । समाजमा पुरुषको हैकम  छ । यसमा नैकापे सर्किनीले एकातिर सामन्तवर्गले गरेको श्रम शोषणका कारण सबाल्टर्न बन्नु परेको छ भने अर्कोतिर पुरुषहरूको हैकवादी प्रवृत्ति र कुदृष्टिका कारण सबाल्टर्न बन्नु परेको छ । प्रस्तुत कथामा सबाल्र्टन पात्र नैकापे सर्किनीप्रति गैरसबाल्टर्नवर्गको श्रम शोष दमन गरेको पाइन्छ भने अर्कोतिर सबाल्टर्न पात्र ( सर्किनीको लोग्ने) बाट समेत दमनको सामना गर्नु परेको

छ । यसमा नैकापे सर्किनीले आफ्नो अस्मिता लुट्न आउने भिखारीलाई खुलेर प्रतिकार गरी प्रतिरोध गरेको पान्छ भने लोग्नलाई भित्रभित्रै घृणा गरेर प्रतिरोध गरेको पाइन्छ । पितृसतात्मक नेपाली समाजमा निम्नवर्गका मजदुर नेपाली नारीहरूले भोग्नु परेका शारीरिक तथा मानसिक पीडालाई अत्यन्त मिहिन ढँगले प्रस्तुत गरिएको यस कथामा लेखक (पारिजात) राज्यसत्ताको डर, धाक तथा प्रलोभनमा कहिं कतै परेको   देखिंदैन । उनले निष्फिकी भएर, निम्नवर्गका पक्ष्यमा सहानुभूति देखाएको पाइन्छ ।

यसरी वर्गीय, लैङ्गिक, जातीय पहिचान, प्रतिरोधको अवस्था तथा लेखकीय दृष्टिकोण समेत स्पष्ट रूपमा प्रस्तुत भएको हुनाले यस कथालाई सबाल्टर्नमैत्री कथा हो भनी प्रमाणित गर्न सकिन्छ ।

## सन्दर्भसामग्री सूची


उप्रेती, सञ्जीव (२०६९). *'सिद्धान्तका कुरा.'* (चौथो. संस्क.).काठामाडौ : अक्षर क्रियसन नेपाल ।

ज्ञवाली, विष्णुप्रसाद (२०७०). *'सांस्कृतिक अध्ययन : अवधारणत्मक ढाँचा.'* तन्नेरी ५२,६ पृ. ४०-५२ ।

पारिजात, (२०४३). *'सालगीको बलात्कृत आँशु'.* काठमाडौः साहित्य सनध्या परिवार  ।

पारिजात, (२०७३). *'मैले नजन्माएको छोरो'.* (दोस्रो. संस्क.). काठामान्डौ बानेश्वर : पारिजात स्मृतिकेन्द्र ।

प्रसाइ, नरेन्द्रराज (२०५७). *'पारिजातको जीवनकथा'.* काठमाडौं : एकता प्रकाशन ।

बराल, ऋषिराज (२०७३). *'मार्क्सवाद र सबाल्टन अध्ययन'.* ललितपुर पुलचोक : साझाप्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६९). *'समयबोध र उत्तरआधुनिकता'.* काठमाडौ : ओरिएन्टल पब्लिकेसन  ।

शर्मा, मोहनराज (२०७०). 'अवरजन अध्ययन र साहित्य'. सांस्कृतिक अध्ययन विशेषाङ्क. *भृकुटी.* (भाग १९. असार)

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल (२०५५). *'शोधविधि'.* (दोस्रो संस्क.). काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८). *'शक्ति, श्रष्टा र सबाल्टर्न '*.काठमाडौँ : डिस्कोर्स पब्लिकेसन, ।

सुब्बा, मनप्रसाद र थापा, रेमिका (सन्.२०११). *'किनारा विमर्श.'* दार्जेलिङ : गामा प्रकाशन ।